ब्रिटिस गोर्खा नेपाली नागरिकता निरनतरता अभियान-बेलायत/नेपाल
**British Gurkha Nepali Citizenship Continuation Campaign-UK/Nepal**

मिति: २०८३/०१/२६

**माननीय क्याप्टेन श्री पूर्ण लिम्बूज्यू**
सदस्य, प्रतिनिधि सभा (संघीय संसद)
श्रम संस्कृति पार्टी।

**विषय: ब्रिटिस गोर्खाहरूको वंशजको नेपाली नागरिकता निरन्तरताका लागि निर्णायक भूमिका निर्वाह गरिदिने सम्बन्धमा विशेष आव्हान।**

**माननीयज्यू,**
सर्वप्रथम, वर्तमान संघीय संसद (प्रतिनिधि सभा) मा ब्रिटिस गोर्खा समुदायको गरिमामय प्रतिनिधित्व गर्दै विधायकको महत्त्वपूर्ण जिम्मेवारीमा निर्वाचित हुनुभएकोमा हामी सम्पूर्ण ब्रिटिस गोर्खाहरूका तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं।

यहाँलाई अवगतै छ कि हामी ब्रिटिस गोर्खा र हाम्रा सन्ततिहरूको 'वंशजको नेपाली नागरिकता निरन्तरता' का लागि विगत दुई दशकदेखि निरन्तर र सशक्त रूपमा अभियान सञ्चालन गर्दै आइरहेका छौं। अहिले सरकारले आवधिक (१० वर्षे) संविधान संशोधनको प्रक्रिया अगाडि बढाउन लागेको सन्दर्भमा यो हाम्रा लागि एक ऐतिहासिक मोड र अवसर पनि हो। यस विशेष परिस्थितिमा, देहायका विषयहरूमा माननीयज्यूको निर्णायक पहलका लागि हामी विशेष अनुरोध गर्दछौं।

**संवैधानिक सुनिश्चितता:** संविधान र संघीय कानुन संशोधनमार्फत ब्रिटिस गोर्खा र तिनका सन्ततिहरूले बेलायती अंगिकृत नागरिकता प्राप्त गरेता पनि उनका **'वंशजको नेपाली नागरिकता'**को निरन्तरतालाई सुनिश्चित गराउन पहल गरिदिन बिनम्र अनुरोध गर्दछौं।

**भविष्यका सन्ततिहरूको अधिकार:** भविष्यमा विदेशमा जन्मने गोर्खा सन्ततिहरूले समेत आफ्नो पुर्ख्यौली पहिचान र वंशजका आधारमा नेपाली नागरिकता प्राप्त गर्न सक्ने स्पष्ट व्यवस्थाका लागि दबाब सिर्जना पहल गरिदिन बिनम्र अनुरोध गर्दछौं।

**अन्तर-पार्टी समन्वय:** संघीय संसदमा रहेका सत्तापक्ष र प्रतिपक्षका दलहरु तथा नेपाल सरकारलाई यस विषयको गम्भीरता बुझाई सहमतिको वातावरण निर्माण गर्न र संबिधान संशोधन बहस पत्र निर्माण कार्यदलमा ब्रिटिस गोर्खाहरुका नागरिकता संशोधन प्रस्ताव समावेश गराउन नेतृत्वदायी भूमिका निर्वाह गरिदिन बिनम्र अनुरोध गर्दछौं।

वंशजको नेपाली नागरिकता हाम्रो पहिचान र अस्तित्वसँग जोडिएको विषय हो। तपाईं स्वयं पूर्व ब्रिटिस गोर्खा भएको नाताले यसको संवेदनशीलता र आवश्यकतालाई यहाँले जति गहिराइबाट अरुले बुझ्न सक्दैनन् भन्ने हाम्रो ठम्याइ छ। यस अभियानका थप कार्यविधि र आगामी रणनीतिका लागि **"ब्रिटिस गोर्खा नेपाली नागरिकता निरन्तरता अभियान समिति - नेपाल" (BGNCCC-Nepal)** यहाँसँग निरन्तर सम्पर्कमा रही सहकार्य गर्न प्रतिबद्ध छ।
यो ऐतिहासिक अवसरमा आफ्नो समुदायको अस्तित्व रक्षाका लागि यहाँको तर्फबाट ऐतिहासिक र अमूल्य योगदान रहनेछ भन्नेमा हामी पूर्ण रुपमा विश्वस्त छौं। धन्यवाद

**द्रष्टव्य:** यस पत्रका साथ हाम्रो विस्तृत प्रस्तावना **(Position Paper)** समेत संलग्न गरिएको छ ।


| | | |
|---|---|---|
| **फुर्बा गर्ज शेर्पा** | **होम किरात सुनुवार** | **सन्तोष थलङ** |
| संयोजक - नेपाल | महा सचिव - यूके/नेपाल | प्रमुख संयोजक - यूके/नेपाल |
| BGNCCC-UK /Nepal | BGNCCC-UK /Nepal | BGNCCC-UK /Nepal |
| Mob: 977-9861748173 | Mob: 9811550496 | Mob: 044-7961830312 (UK) |
| phurba.sherpa3547@gmail.com | hom30@hotmail.co.uk | sthalang@yahoo.co.uk |





| | | | |
|---|---|---|---|
| Chief Co-Ordinator UK/Nepal: | Mr Santosh Thalang | Co-Ordinator UK/Nepal: | Mr Hari Bahadur Gurung |
| General Secretary UK/Nepal: | Mr Hom Kirat Sunuwar | Co-Ordinator - Nepal: | Mr Phurba Garja Sherpa |
| Vice Co-Ordinator/MediaSec: | Mr Gopal Giri | Vice Co-Ordinator: | Mr Popiraj Rai |
| Vice Co-Ordinator: | Mr Dhan Ghale | Treasurer: | Mr Man Bahadur Limbu |
| Secretary: | Mr Hindu Kumar Moktan | Joint Treasurer: | Mr Guna Raj Rai |
| Joint Media Secretary: | Mr Nayandra Rai | Public Relations: | Mr Dilip Mohora |